# बैठक नं. ७३

आज मिति २०७७ जेष्ठ ०४ गते आईतबार दिनको ०५:३० बजे यस कीर्तिपुर नगरपालिकाका नगर प्रमुख श्री रमेश महर्जनज्युको अध्यक्षतामा, नगर कार्यपालिकाको बैठक, वडा नं. १० स्थित नगरपालिकाको सभाकक्षमा देहाय बमोजिमको उपस्थितिमा बसी निम्न बमोजिमका निर्णयहरु गरियो ।

| सि.न. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष, प्रमुख | श्री रमेश महर्जन | |
| २ | सदस्य, उपप्रमुख | श्री सरस्वती रिजाल (खड्का) | |
| ३ | सचिव | श्री ध्रुवराज आचार्य | |
| ४ | सदस्य, अध्यक्ष वडा न. १ | श्री हर्ष महर्जन | |
| ५ | सदस्य, अध्यक्ष वडा न. २ | श्री रमेशमान डंगोल | |
| ६ | सदस्य, अध्यक्ष वडा न. ३ | श्री राजेन्द्र महर्जन | |
| ७ | सदस्य, अध्यक्ष वडा न. ४ | श्री राजेन्द्र बानियाँ | |
| ८ | सदस्य, अध्यक्ष वडा न. ५ | श्री राजेन्द्र कुमार महर्जन | |
| ९ | सदस्य, अध्यक्ष वडा न. ६ | श्री न्हुच्छे बहादुर महर्जन | |
| १० | सदस्य, अध्यक्ष वडा न. ७ | श्री राजकुमार माली | |
| ११ | सदस्य, अध्यक्ष वडा न. ८ | श्री विनोद महर्जन | |
| १२ | सदस्य, अध्यक्ष वडा न. ९ | श्री गंगाराम महर्जन | |
| १३ | सदस्य, अध्यक्ष वडा न. १० | श्री अमन महर्जन | |
| १४ | सदस्य | श्री नन्ददेवी महर्जन | |
| १५ | सदस्य | श्री राजु मिजार | |
| १६ | सदस्य | श्री राजेन्द्र तोलाङ्गे | |
| १७ | सदस्य | श्री सरस्वती परियार | |
| १८ | सदस्य | श्री सानु मिजार | |
| १९ | सदस्य | श्री सुनीता नकर्मी | |
| २० | सदस्य | श्री सुमन पोखरेल | |
| २१ | सदस्य | श्री संगिता श्रेष्ठ (उप्रेती) | |
| २२ | आमन्त्रित, ब.ले.अ | श्री सानुबाबु परियार | |
| २२ | आमन्त्रित, लेखा अधिकृत | श्री मित्र प्रसाद घिमिरे | |
| २३ | आमन्त्रित, सचिवालय | श्री संजिता लामा | |

**निर्णय नं.१**

चालू आ.व. २०७६/०७७ को नगर स्तरीय योजनाहरुमध्ये कार्यान्वयन भइनसकेको र हुन नसक्ने खालका योजनाहरुलाई विद्यमान कोरोनाको कारण सिर्जित विपदको सामना, क्वारेन्टाइन व्यवस्थापन, आकष्मिक कोषमा सार्ने र श्रममूलक योजना संचालन गर्ने गरी संशोधन गरी कार्यान्वयन गर्नका लागि २०७७ जेष्ठ १७ गतेसम्ममा तीन महले फारमसहित नगर प्रमुखज्यू समक्ष पेश गर्ने र वडास्तरीय योजनाहरुको हकमा पनि वडासमितिबाट निर्णय गराई सोही अनुसार तीनमहले फारमसहित नगरप्रमुखज्यू समक्ष पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं.२**

कीर्तिपुर नगरपालिका वडा नं. ७ निवासी तथा वडा सदस्य श्री प्रकाश सिं महर्जनले आफ्नो बाबु श्री ज्ञान बहादुर महर्जनको मृगौलाको (Kidney) समस्या भएको र हप्तामा दुई पल्ट डायलासिस गर्नु पर्ने भएकोले आफ्नो आर्थिक अवस्था कमजोर भएको कारण खुलाई आर्थिक सहयोगका लागि आवश्यक कागजातसहित निवेदन पेश गरेको हुदाँ श्री प्रकाश सिं महर्जनलाई उपचार खर्च बापत रू. २५,०००।– (अक्षरुपीः- रु. पच्चीस हजार मात्र) अन्य सामाजिक सहायता शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.३**

कीर्तिपुर नगरपालिका वडा नं.९ र नगाउँ स्पोर्टस क्लबद्वारा आयोजित अन्तर नगर फुटसल प्रतियोगितमा १ नं. वडा कार्यालयको तर्फबाट प्रतिनिधित्व गर्दै खेल खेल्नेक्रममा वडा नं.१ निवासी श्री अनिल तण्डुकारको खुट्टा भाँचिएकोले बाँया खुट्टामा अपरेशन गरी स्टिल हालिएको र आफ्नो आर्थिक अवस्था कमजोर भएको कारण खुलाई आर्थिक सहयोगका लागि आवश्यक कागजातसहित निवेदन पेश गरेको हुदाँ श्री अनिल तण्डुकारलाई उपचार खर्च बापत रू. २०,०००।– (अक्षरुपीः- रु. बीस हजार मात्र) अन्य सामाजिक सहायता शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.४**

कोरोनाका कारण सिर्जित असहज परिस्थिति र लकडाउनका बेला कार्यालय खुल्ने समय, दिन र खटिने कर्मचारीका सम्बन्धमा नगरकार्यपालिकाको बैठकमा पेश गरी निर्णय गर्ने र कार्यान्वयन गराउने निर्णय गरियो ।

## निर्णय नं.५

यस नगरपालिकामा रहेको कीर्तिपुर अस्पतालमा डायलासिस सेवा संचालनका लागि कार्यपालिकाको मिति २०७६ माघ २६ गतेको बैठकबाट निर्णय भई छैठौं नगरसभाबाट बजेट समेत विनियोजन भएको, नगरपालिकाकै सहयोगमा अस्पतालमा दुई थान डायलासिस मेशिन खरिद भइसकेको तर सेवा शुरु गर्न कम्तिमा ५ वडा डायलासिस युनिट हुनुपर्ने भएको अवस्थामा डायलासिस मेशिन खरिदका लागि नगरकार्यपालिका कार्यालयबाट प्रति मेसिन रू. १४,६२,२२०।- का दरले ३ थान मेशिनको रू.४३,८६,६६०।- लागत अनुमान स्वीकृत भई ठेक्का गर्न लकडाउनका कारण सम्भव नभएको, नेपालमा डायलासिस मेशिन आपूर्तिकर्ताहरुसँग उक्त मेसिन मौज्दात नहुदाँ लकडाउनका कारण तत्काल बाहिरबाट मेशिन ल्याउन समेत सम्भव नभएको अवस्थामा कार्यालयमा उक्त मेशिनको दररेट पेश गरेको जी.एच्च.मेडिहेल्थ कन्सर्न, भक्तपुरसँग NFPRO SURGICAL 55 PLUS ब्राण्डको जापानिज मेशिस थान ३ हाल मौज्दात रहेको, उक्त फर्मले प्रति थान रु.९,९९,९९९.१५ (ल.ई. भन्दा ३१.६१ %) घटिमा आपूर्ति गर्न तयार रहेको तथा डायलासिस सेवा संचालन गर्दा लाग्ने केमिकल र सामान प्रचलित बजार दरमा आफ्नो फर्मबाट ५ वर्षसम्म खरिद गर्ने सम्झौता भएमा फर्मको तर्फबाट एक थान मेशिन निःशुल्क रुपमा उपलब्ध गराउन सक्ने प्रस्ताव गरेकाले कीर्तिपुर अस्पतालबाट डायलासिस मेसिन खरिद गरिदिनका लागि अनुरोध भई आएको र लकडाउनले गर्दा मृगौला रोगका विरामीहरुलाई बाहिर गई डायलासिस गराउन कठिनाई हुने भएकोले यथाशीघ्र डायलासिस सेवा दिन नितान्त आवश्यक रहेको अवस्थामा ठेक्का प्रकृयाबाट मेशिनहरु आपूर्ति गर्न सकिने सम्भावना नभएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा घ.३, दफा ६६ र नियमावलीको नियम १४५ मा व्यवस्था भए अनुसार विशेष परिस्थितिमा खरिद र सार्वजनिक खरिद नियमावलीको नियम ३१. ख क्याटलग सपिङ्ग विधिबाट पनि स्वास्थ्य सम्बन्धी मेसिन, औजार, उपकरण खरिद गर्न सकिने भएकाले सोही प्रावधानभित्र रही मेसिन आपूर्तिको प्रस्ताव गर्ने श्री जी.एच.मेडिहेल्थ कन्सर्न, ठिमी भक्तपुरसँग फर्मले पेश गरेको दररेट अनुसार डायलासिस सेवामा लाग्ने सामान खरिदको ५ वर्षे सम्झौता गरी रू.१९,९९,९९८.३० पैसा ( अक्षरुपी उन्नाईस लाख उनान्सय हजार नौ सय अन्ठानब्बे रुपैया तीस पैसा मात्र ) मा २ वटा मेशीन खरिद र १ वटा मेशिन निःशुल्क रुपमा प्राप्त गरी अस्पतालबाट डायलासिस सेवा संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं.६

कोरोनाको रोकथाम, नियन्त्रण र उपचारलाई व्यवस्थित गर्न र क्वारेन्टाईनमा राखुपर्ने व्यक्तिहरुलाई क्वारेन्टाइनमा राख्नका लागि सबै वडाका लागि कम्तिमा पनि २० वटा बेड पुग्ने गरी क्वारेन्टाईन स्थापना र संचालन गर्न आवश्यक रकम, सामग्री र जनशक्तिको प्रस्तावको खाका बनाउन क्वारेन्टाईन तथा आइसोलेसन व्यवस्थापन सहजीकरण समितिलाई जिम्मा दिने र समितिको प्रस्ताव प्राप्त भएपश्चात आगामी नगरकार्यपालिका बैठकमा पेश गरी निर्णय गर्ने निर्णय गरियो ।

निर्णय नं.७

यस कीर्तिपुर नगरपालिका क्षेत्रमा घरबहालमा बस्नेहरुको अद्यावधिक विवरण प्राप्त गर्नका लागि सबै वडा मार्फत सार्वजनिक सूचना गरी विवरण संकलन गर्ने र सबै विवरण प्राप्त भएपछि घरबहालका बासिन्दाहरुलाई नगरपालिकाबाट परिचयपत्र उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं.८

यस कीर्तिपुर नगरपालिकामा रहेको कीर्तिपुर अस्पतालमा देशका विभिन्न जिल्लाबाट जलेका/पोलिएका विरामी (Born Case) आई उपचार गराउने गरेकोमा अस्पतालबाट मिति २०७७ जेष्ठ ०३ को च.नं.३२/०७६/०७७ को पत्रबाट बाहिरबाट बिरामी ल्याउन नदिने व्यवस्थाका लागि नगरपालिकालाई अनुरोध भई आएकोमा अस्पतालमा विभिन्न जिल्ला खासगरी तराईका जिल्लाबाट शरीर जलेका/पोलिएका विरामीहरु आउने गरेको र वर्तमानमा तराईका जिल्लाहरुमा कोरोनाको महामारी फैलिरहेकोले यस नगरपालिका क्षेत्रमा कोरोना फैलिन नदिन उपत्यका बाहिरबाट आउने विरामीको हकमा कोरोनाको परीक्षण गराई कोरोना संक्रमण नभएको सुनिश्चित गरेर मात्र बिरामी भर्ना र उपचार गर्ने व्यवस्था मिलाउन कीर्तिपुर अस्पताललाई निर्देशन दिने निर्णय गरियो ।